

# आईएलओ कन्भेन्सन १९०

## कार्यको संसारमा हिंसा एवं उत्पीडनलाइ सम्बोधन गर्दछ

## सी १९० को अनुमोदनको लागि अभियान चलाऔं

युनियनहरूको रूपमा हामीले यस सम्मेलनलाई कागजबाट यथार्थमा रूपान्तरण गरिएको छ भनेर सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्नुपर्दछ ।

हामीले मिलेर काम गर्नु आवश्यक छ ताकि सदस्य राष्ट्रहरूले यस सम्मेलनलाइ अनुमोदन गरी यसलाई राष्ट्रिय कानूनको हिस्सा बनाउनेछन् ।

### युनियनहरुले के गर्न सक्दछन्:

- जागरुकता बढाउन र युनियन सदस्यहरु तथा जनसाधारणलाइ शिक्षा प्रदान गर्न ।
- प्रत्येक देशमा सी १९० लाइ अनुमोदनको लागि सक्रीय अभियान चलाउन ।
- कार्यको संसारमा हिंसा र उत्पीडनको मुद्दाका वरिपरी परिचालन गर्न ।
- कार्यस्थलमा हुने हिंसा र उत्पीडन हटाउनका लागि मद्दत गर्न अन्य ट्रेड युनियनहरू, राष्ट्रिय केन्द्रहरू, गैरसरकारी संसथाहरु र विशेषगरी महिला अधिकार समूहहरूको साथ गठबन्धन निर्माण गर्न।
- अनुमोदनको वकालत गर्नको लागि संरचनाहरू विकास गर्न ।

अभियानसँग सम्बादित थप सामाग्रीहरु तपाइँले यहाँ पाउनुहुनेछ :

युएनआइ ग्लोबल युनियन www.breakingthecircle.org
पीएसआइ www.publicservices.international/campaigns/stop-gender-based-violence-at-work?id=5676&lang=en
आइयुएफ www.iuf.org/show.php?lang=en&tid=82
आईडीडब्लुएफ www.idwfed.org/en/campaigns/c190
इनडस्ट्रीयल www.industriall-union.org/women-0
आईएफजे www.ifj.org/what/gender-equality.html

## यसले जीवन बदल्न सक्दछ

कार्यको संसारमा हिंसा र उत्पीडन जहाँसुकै हुनसक्छ, जस्तै अनलाइन तथा भौतिक कार्यस्थाल, आवागमन, श्रमिकहरुले खाने-बस्ने, आराम गर्ने एवं स्वास्थ्य तथा स्वच्छताका स्थानका साथै सामाजिक जमघटहरुमा पनि हुने गर्दछ ।

### हामी यसलाई रोक्न सक्दछौं!

जुन २०१९ मा, अन्तर्राष्ट्रिय श्रम सम्मेलनले क्रान्तिकारी अन्तर्राष्ट्रिय उपकरण, कन्भेन्सन १९०(सी१९०) र सिफारिस २०६ (आर २०६) लाइ अपनाएर कार्यको संसारमा हिंसा र उत्पीडनलाइ बन्द गर्नको लागि आव्हान गरको छ ।

यो नयाँ कन्भेन्सनले सबै श्रमिकहरु - इन्टर्न, प्रशिक्षु, प्रशिक्षणमा रहेका व्यक्तिहरु,कामदारहरू जसको रोजगार निलम्बित गरिएको छ, स्वयंसेवकहरू र कामको खोजीमा रहेका व्यक्तिहरुलाइ उनिहरुको करारको स्थिति बिना सुरक्षा प्रदान गर्दछ ।

- यो दह्रो रुपमा लैंगिक हिंसामा केन्द्रित रहेको छ । कार्यको संसारमा हिंसा र उत्पीडनबाट महिलाहरुनै निक्कै धेरै प्रभावित हुनेगर्दछन ।
- यसले सार्वजनिक र निजी क्षेत्र, ग्रामीण र शहरी, औपचारिक र अनौपचारिक अर्थतन्त्रका सबै क्षेत्रहरूलाई समेट्छ।
- यसको क्षेत्र कार्यको संसार हो, जुन वास्तविक कार्यस्थल भन्दा ठुलो छ।
- कन्भेन्सन १९० ले कसैलाई पनि पछाडि छाड्दैन ।

### किन सी १९० महत्वपुर्ण छ?

- कार्यको संसारमा हुने हिंसा र उत्पीडन सहय हुँदैन ।
- यो पहिलो अन्तर्राष्ट्रिय मापदण्ड हो जसको उद्देश्य कार्यको संसारमा हिंसा र उत्पीडनको अन्त्य गर्नु हो ।
- यसले हिंसा र उत्पीडनबाट मुक्त कार्यको संसारमा सबैलाई अधिकार रहको मान्यता राख्दछ ।
- यो सम्मेलनले राष्ट्रिय कानूनमा रहेका अन्तरहरू पूर्ति गर्नेछ ।

# मनोवृत्तिमा परिवर्तन र लैंगिक समानता प्रवर्दन

**कार्यको संसारमा हामी सबै - सरकारहरू, रोजगारदाता र कामदारहरूले पारस्परिक सम्मान र गरिमामा आधारित रही कार्य संस्कृति प्रदान गर्न र यसलाई कायम राख्न भूमिका निर्वाह गर्नुपर्दछ।**

- यो सम्मेलन कार्यको संसारमा विभेद र असमानता विरुद्द लड्ने एक अर्थपूर्ण साधन हो ।
- सम्मेलन भन्छ सरकारहरुले महिला, प्रवासी, अपाङ्गता भएका, बहु तथा अन्तर्लिंगी (इन्टरसेकटिंग) पहिचान भएका मानिसहरुलाइ जात-जाती, आदिवासी स्थिति, यौन झुकाव र लैंगिक पहिचानलाइ आधार नमानी सबैलाई रोजगार व्यवसायमा समानता र गैर-भेदभावको अधिकारलाई सुनिस्चित गर्ने कनुन बनाउनेछन् ।
- कन्भेन्सनमा उल्लेख गरिएबमोजिम कार्यस्थल जोखिम मुल्यांकनले मनोवृत्ति परिवर्तन गर्न पनि मद्दत पुर्याउँछ, किनकी यसले ती कारकहरुलाइ ध्यानमा राख्न सक्दछ जुन लैंगिकतामा आधारित हिंसा र उत्पीडन (जस्तै, लिंग, सांसकृतिक र सामाजिक मान्यता) का सम्भावनालाइ बढाउँदछ ।
- र सी १९०ले पहिलो पटक घरेलु हिंसालाई रोजगारीमा असर पार्ने एक तत्वको रुपमा समाविस्ट गरेको छ, साथै यसले श्रमिकहरूको स्वास्थ्य र सुरक्षालाइ पनि प्रभाव पार्दछ।

## के हो हिंसा र उत्पीडन?

- हिंसा र उत्पीडन फरक-फरक अस्वीकार्य व्यवहार र अभ्यासहरु, अथवा धम्की हुन्, जुन एक वा कैयौं पटक हुनसक्दछन्, जसको उद्देश्य वा परिणाम, अथवा परिणामस्वरुप शारीरिक, मनोवैज्ञानिक, यौन वा आर्थिक हानी हुनसक्दछ ।
- हिंसा र उत्पीडन शारीरिक दुर्व्यवहार भन्दा निक्कै बढी हो । यसले यौन उत्पीडन, मौखिक र भावनात्मक दुर्व्यवहार, डर देखाउने, धम्क्याउने र पछ्याउने सम्मको रूप लिन सक्छ। संसाधनहरूको अस्वीकार वा सेवाहरूको पहूँच र स्वतन्त्रताको अन्य बेवास्ता पनि हिंसाको रूप हो।
- पिडकहरू रोजगारदाता, प्रबन्धक, पर्यवेक्षक, साथी, सहकर्मी, साथै तेस्रो पक्ष, ग्राहक, रोजगारदाताका आफन्त वा साथीर सेवा प्रदायकहरू पनि हुनसक्छन्।
- हिंसाले पुरुष र महिला दुबैलाई असर गर्छ, यद्दपी महिला असमान रूपमा बढी प्रभावित हुन्छन् ।
- यदि कुनै व्यक्तिमा हिंसा सो व्यक्तिको लैंगीकताको कारणले हुन्छ भने, त्यसलाई लैंगिक हिंसा भनिन्छ ।
- आफ्नो आर्थिक स्थिति जस्तोसुकै भए पनि तीन मध्ये एक महिला वा युवतीले आफ्नो जीवनकालमा हिंसाभोगेकी हुन्छिन ।

# सी १९० र ट्रेड युनियनहरु यो हाम्रो उपकरण हो र हामीले यसको प्रयोग गर्नुपर्दछ

### कन्भेन्सन १९० अन्तर्गत

- कार्यमा घरेलु हिंसा सहित लैंगिक हिंसा र उत्पीडनलाइ सुरक्षा र स्वास्थ्यका रुपमा मूलप्रवाहिकरण गर्नुपर्दछ ।
- रोजगार दाताहरूले ट्रेड युनियनहरूको परामर्श सहित हिंसा र उत्पीडन रोक्न कार्यस्थलको नीतिहरु विकास गर्नुपर्दछ।
- यसले सरकारलाई कार्यको संसारमा हिंसा र उत्पीडन तथा लैंगिक हिंसा रोकथामका लागि ट्रेड युनियनहरुलाई संसाधन र प्रशिक्षण प्रदान गर्न बाध्य गर्दछ ।

सी १९० दुई आइएलओ सदस्य रास्ट्रहरुले अनुमोदन गरेको १२ महिना पछि लागु हुनेछ । तर युनियनहरुले यसको अनुमोदन पर्खिरहन पर्दैन; श्रमिकहरुको जीवन बदल्नको लागि हामीले अनुमोदन अगावै यो उपकरणको प्रयोग गर्नुपर्दछ ।

**आइएलओ कन्भेन्सन १९०**

## C190 ले ट्रेड यूनियनहरु र अन्य सरोकारवालाहरुलाइ कार्यको संसारमा हिंसा र उत्पीडनका विरुद्द लड्न एक गति प्रदान गर्दछ।

## अब यसको प्रयोग गरौं!

- अभियान र सामूहिक सौदाबाजी मार्फत गैर-भेदभाव र समानताको प्रचार गर्नुहोस् ।
- कार्यको संसारमा हिंसा र उत्पीडनका बारेमा सदस्यहरुलाई शिक्षितबनाउनुहोस् ।
- सी १९० र यसको महत्त्वका बारेमा सदस्यहरू बीच जागरूकता बढाउनुहोस् । सी १९० एउटा जीवन बदल्ने कन्भेन्सन हो जसले लाखौं श्रमिकहरुलाइ सुरक्षित कार्य वातावरण प्राप्त गर्नको लागि र हिंसा तथा उत्पीडनका सबै रुपहरु विशेषगरि लैंगिक हिंसालाइ हटाउन मद्दत गर्दछ ।
- यी उपकरणहरू (C190 / R206) मा आधारित रही सामूहिक सौदाबाजी सम्झौतामा भाषा समावेश गर्नुहोस्।
- रोजगारदाताहरूसँग स्वास्थ्य र सुरक्षा नीतिहरुमा हिंसा र उत्पीडन तथा विशेष रूपमा लैंगिकहिंसा समावेश भएको सुनिस्चित गर्नुहोस्।
- कार्यको संसारमा हिंसा र उत्पीडनको बिरूद्ध लड्नका लागि उपकरणहरू (C190 / R206) को आधारमा भाषा समावेश गर्न विश्व ढांचा सम्झौताको सहमतिमा विश्व युनियन महासंगहरुको कामलाई समर्थन गर्नुहोस्।